कर्णाली प्रदेशको पहिलो दैनिक

काँक्रेविहार

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : ३०१ ❐ बुधवार, २७ साउन, २०८३ ❐ Wednesday, 12 Aug 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

कर्णालीको पर्यटनमा निजी क्षेत्रको आकर्षण बढ्दै, पूर्वाधार अझै मुख्य चुनौती

पर्यटनलाई होटल र ट्राभल व्यवसायमा मात्र सीमित नगरी स्थानीय उत्पादन, कृषि, हस्तकला, यातायात र रोजगारीसँग जोड्न सके कर्णालीको अर्थतन्त्रमा यसको योगदान बढाउन सकिन्छ ।

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २६ साउन

कर्णाली प्रदेशमा पर्यटनसँग जोडिएका व्यवसाय तथा सेवामा निजी क्षेत्रको आकर्षण विस्तारै बढ्दै गएको छ । प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा साहसिक पर्यटनको पर्याप्त सम्भावना रहेको कर्णालीमा पर्यटकीय गतिविधिसँग प्रत्यक्ष जोडिएका फनपार्क, रिभर गाइड र ट्राभल एजेन्सीजस्ता व्यवसाय सञ्चालनका लागि अनुमति लिने क्रम बढेको प्रदेश सरकारको तथ्यांकले देखाएको छ । प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका अनुसार आर्थिक वर्ष २०८२/८३ मा पर्यटन क्षेत्रतर्फ नयाँ व्यवसाय तथा सेवाप्रदायक थपिएका छन् । चालु आर्थिक वर्षमा एक फनपार्कले सञ्चालनका लागि अनुमति लिएको छ । अघिल्लो आर्थिक वर्षमा पनि एउटा फनपार्कले अनुमति लिएको थियो ।

त्यस्तै चालु आर्थिक वर्षमा दुई जनाले रिभर गाइडको अनुमति लिएका छन् । गत आर्थिक वर्षमा भने १३ जनाले रिभर गाइडका रूपमा अनुमति लिएका थिए । यससँगै कर्णालीमा रिभर गाइडको अनुमति लिनेको संख्या १५ पुगेको मन्त्रालयले जनाएको छ । पर्यटनसँग सम्बन्धित अर्को महत्वपूर्ण व्यवसाय ट्राभल एजेन्सीमा पनि निजी क्षेत्रको प्रवेश बढिरहेको छ । चालु आर्थिक वर्षमा पाँच वटा ट्राभल एजेन्सीले अनुमति लिएका छन् ।



पर्यटक आएर मात्रै हुँदैन, बसाई लम्ब्याउन चुनौती

कर्णालीको पर्यटन विकासमा पर्यटकको संख्या बढाउनुका साथै उनीहरूको बसाइ अवधि लम्ब्याउनु अर्को महत्वपूर्ण चुनौती बनेको छ । मन्त्रालयका सूचना अधिकारी नेपालीका अनुसार पर्यटकलाई कर्णालीमा ल्याउने वातावरण बनाउनु मात्रै पर्याप्त हुँदैन । उनीहरूलाई लामो समयसम्म प्रदेशमै बस्ने वातावरण निर्माण गर्न सके मात्रै होटल, यातायात, गाइड, स्थानीय उत्पादन तथा रोजगारी क्षेत्रमा प्रत्यक्ष आर्थिक लाभ पुग्नेछ । प्रदेश सरकारले ‘ कर्णाली समृद्धिको आधार, पर्यटनको विकास र पूर्वाधार’ भन्ने अवधारणालाई अघि सारेको जनाएको छ । तर यो अवधारणालाई व्यवहारमा उतार्न पर्यटन गन्तव्यलाई बजारसँग जोड्ने पूर्वाधार निर्माणमा पर्याप्त ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ ।

पर्यटन व्यवसायी केशव कठायतका अनुसार कर्णालीमा पर्यटकीय गन्तव्यको कमी छैन, समस्या ती गन्तव्यसम्म पुग्ने सहज पहुँच र आवश्यक सेवा सुविधाको हो । कर्णालीमा गन्तव्य धेरै छन् । अब ती गन्तव्यलाई पर्यटन बजारसँग जोड्ने र पर्यटकलाई आवश्यक सेवा दिने पूर्वाधार निर्माणमा ध्यान दिनुपर्छ, उनले भने, गन्तव्यसम्म पुग्ने बाटो, आवास, खानेपानी, सरसफाइ, सञ्चार र सुरक्षाजस्ता आधारभूत पक्ष सुधार नभएसम्म पर्यटनको सम्भावनालाई अपेक्षित रूपमा आर्थिक गतिविधिमा बदल्न कठिन हुन्छ ।

पर्यटन व्यवसायी बलकर्ण शाही पर्यटनलाई होटल, ट्राभल एजेन्सी वा गाइडको संख्यामा मात्र सीमित गर्न नहुने बताउँछन् । पर्यटनलाई स्थानीय उत्पादन, कृषि, हस्तकला, यातायात र रोजगारीसँग जोड्न सके यसको आर्थिक प्रभाव धेरै फराकिलो हुने उनको भनाइ छ ।

कर्णालीका प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदालाई व्यवस्थित रूपमा पर्यटन बजारसँग जोड्न सके प्रदेशको आन्तरिक आम्दानी बढ्नुका साथै ☞ बाँकी पृष्ठ २

गत आर्थिक वर्षसम्म पनि पाँच वटा ट्राभल एजेन्सीले अनुमति लिएका थिए । कर्णालीको पर्यटन सम्भावना भने यी व्यवसायको संख्याभन्दा निकै ठूलो छ । रारा ताल, शे-फोक्सुन्डो, काँक्रेविहार, कर्णाली नदी, सिंजा, पचाल झरना, बुलबुले ताल, मानसरोवर यात्रा तथा विभिन्न धार्मिक, ऐतिहासिक र सांस्कृतिक स्थलले प्रदेशलाई पर्यटनका दृष्टिले विशिष्ट बनाएका छन् । हिमाली तथा पहाडी भूगोलका कारण कर्णालीमा पदयात्रा, च्याफ्टिङ, साहसिक पर्यटन, धार्मिक यात्रा, प्रकृति अवलोकन तथा सांस्कृतिक पर्यटनको सम्भावना उच्च रहेको पर्यटन क्षेत्रका जानकारहरू बताउँछन् ।

प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सूचना अधिकारी महेश नेपालीका अनुसार पर्यटकीय गतिविधि विस्तार हुँदै गएसँगै यस क्षेत्रमा आवश्यक पर्ने सेवा तथा व्यवसाय पनि विस्तार हुन थालेका छन् । कर्णाली पर्यटनका लागि अत्यन्तै सम्भावनायुक्त प्रदेश हो । यहाँ प्राकृतिक, धार्मिक, सांस्कृतिक र साहसिक पर्यटनका धेरै सम्भावना छन्, उनले भने, पर्यटकीय गतिविधि विस्तार हुँदै जाँदा त्यससँग सम्बन्धित सेवाप्रदायक र निजी व्यवसाय पनि विस्तार हुँदै गएको देखिन्छ ।

उनका अनुसार कर्णालीका नदीमा च्याफ्टिङ, हिमाली क्षेत्रमा पदयात्रा तथा प्राकृतिक र सांस्कृतिक गन्तव्यमा पर्यटकको आवागमन ☞ बाँकी पृष्ठ २

विजनेस नभएपछि भदौ २ गतेका लागि सच्यो कर्णाली प्रदेश सभा बैठक

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २६ साउन

कर्णालीमा मंगलबार बस्ने भनिएको प्रदेश सभा बैठक नबसेरै स्थगित भएको छ । आगामी भदौ २ गते दिउँसो ३ बजे बस्ने गरी बैठक सारिएको प्रदेश सभा सचिवालयका सूचना अधिकारी राजेन्द्र पौडेलले बताए ।

उनका अनुसार सोमबार बेलुका कार्यव्यवस्था समितिको बैठक बसेको थियो । त्यस क्रममा मंगलबारका लागि छलफल गर्नुपर्ने खासै विषय नभएकाले बैठक सार्ने निर्णय भएको हो ।

‘प्रदेश सभामा विजनेस नै भएन, जसका कारण बैठक सच्यो,’ प्रदेश सभा स्रोतले भन्यो । कार्यव्यवस्था समितिको बैठकमा मुख्यमन्त्री मंगलबहादुर शाही पनि सहभागी थिए ।

बैठकमा शाहीले विश्वासको मत लिनेबारे छलफल भएको थियो । यद्यपि, शाहीले हालसम्म त्यसका लागि निर्णय भने लिइसकेका छैनन् । प्रदेश सभा सचिवालयका कर्मचारीले विश्वासको मत लिने हो भने दुई दिनअघि नै सभालाई जानकारी गराउन मुख्यमन्त्री शाहीलाई आग्रह गरेका थिए । शाहीले समयमै जानकारी गराउने बताएका थिए । ‘सम्भवतः मुख्यमन्त्रीज्यूले भदौ २ गतेको बैठकमा विश्वासको मत लिनुहुन्छ,’ नेकपा स्रोतले भन्यो । साउन १२ गते नेकपा एमालेको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका शाहीले आजको मितिसम्म मन्त्रिपरिषद् विस्तार भने गर्न सकिरहेका छैनन् ।

नेकपा स्रोतका अनुसार उक्त काम विश्वासको मत लिएपछि पनि हुन सक्छ ।

प्रदेश सरकार गठनका लागि एमाले-नेकपाले पठाए पाँचबुँदे सर्कुलर



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २६ साउन

प्रदेश सरकार गठन तथा सञ्चालनमा यसअघि नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बीच भएको तीनबुँदे सहमति कार्यान्वयनका लागि पाँचबुँदे निर्देशन गरिएको छ ।

सरकार गठन र मन्त्रालय बाँडफाँटको मोडलबारे पनि सर्कुलर जारी गरिएको छ । मंगलबार एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपा संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ले संयुक्त रूपमा निर्देशन जारी गरेका हुन् ।

दुवै दलका अध्यक्षस्तरबाट जारी गरिएको सर्कुलरमा प्रदेश सरकार गठनदेखि मन्त्रालय बाँडफाँटसम्मको प्रक्रिया र आधार स्पष्ट पारिएको छ ।

परिचयपत्र देखाएपछि लाइन नबसी ग्यास पाइने

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २६ साउन

सुर्खेतमा ज्येष्ठ नागरिक, सुत्केरी र अपाङ्गता भएका व्यक्तिले अब लामो लाइनमा नबसी ग्यास पाउने भएका छन् ।

जिल्ला प्रशासन कार्यालय सुर्खेतले उनीहरूको परिचयपत्रका आधारमा ग्यास उपलब्ध गराउने व्यवस्था मिलाएको हो ।

ग्यासको अभाव भएपछि पछिल्लो समय सर्वसाधारणले घण्टौंसम्म लाइनमा बस्नुपर्ने अवस्था छ ।

विशेष गरी ज्येष्ठ नागरिक, सुत्केरी तथा अपाङ्गता भएका व्यक्तिलाई लाइनमा बस्न कठिन हुने भएकाले प्रशासनले उनीहरूका लागि छुट्टै व्यवस्था गरेको हो ।



वीरेन्द्रनगरमा ग्यास वितरण गर्ने प्रत्येक सप्लायर्सले वितरण गरिएको दिन १० वटा सिलिन्डर त्यस्ता सेवाग्राहीका लागि छुट्टाउनेछन् ।

हाल वीरेन्द्रनगरमा दैनिक ६ देखि ८ वटा सप्लायर्सबाट ग्यास वितरण हुने भएकाले प्रशासनको सिफारिसमा दैनिक करिब ६० देखि ८० वटा सिलिन्डर ज्येष्ठ नागरिक, सुत्केरी र अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराइनेछ ।

ग्यास लिनका लागि ज्येष्ठ नागरिकले ज्येष्ठ नागरिक परिचयपत्रको प्रतिलिपि, सुत्केरीले अस्पतालबाट जारी भएको दुई महिनाभित्रको सुत्केरी कार्ड र अपाङ्गता भएका व्यक्तिले अपाङ्गता परिचयपत्रको प्रतिलिपि पेस गर्नुपर्नेछ ।

ती कागजातका आधारमा जिल्ला प्रशासन कार्यालयले सम्बन्धित ग्यास सप्लायर्सलाई सिफारिस गर्नेछ ।

सुर्खेतका निमित्त प्रमुख जिल्ला अधिकारी डिलबहादुर कार्कीका अनुसार सोमबारदेखि नै लाइनमा बस्न कठिन हुने ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र सुत्केरीका लागि छुट्टाइएको ग्यास प्रशासनको सिफारिसमा उपलब्ध गराउने व्यवस्था सुरु गरिएको हो ।

‘लाइनमा बस्न कठिन हुने नागरिकलाई ग्यास लिन सहज होस् भनेर परिचयपत्रका आधारमा सिफारिस गर्ने व्यवस्था मिलाएका छौं’ ।

कार्कीले भने,‘प्रशासनको यो व्यवस्थाले ग्यासको लाइनमा लामो समय बस्नुपर्ने बाध्यतामा रहेका ज्येष्ठ नागरिक, सुत्केरी र अपाङ्गता भएका व्यक्तिलाई केही राहत पुग्ने अपेक्षा गरिएको छ ।’

एआई प्रयोग गरी बेइज्जत गरिएको भन्दै कारबाहीको माग



❐ काँक्रेविहार संवाददाता
दैलेख, २६ साउन

दैलेखको महावु गाउँपालिकाका अध्यक्ष जंगबहादुर शाहीले सडक निर्माण ढिलासुस्तीमा एआई प्रयोग गरी गाउँपालिकाको बदनाम गरिएको भन्दै ठेकदार कम्पनीमाथि कारबाहीको मागसहित पूर्वाधार कार्यालयलाई पत्र पठाएका छन् ।

महाबु गाउँपालिका अन्तर्गत निर्माणाधीन ताराघाट-खरिगैरा-गैंडाबाज-एकपाटे-टाकुरी-काशीकाँध सडक निर्माणमा विलम्ब भएको हो । उक्त सडक निर्माण गर्ने जिम्मा पन्त आकृति जेभीले लिएको छ । उक्त कम्पनीले सम्झौता बमोजिम ☞ बाँकी पृष्ठ २

काँक्रेविहार राष्ट्रिय दैनिक
दृष्टिकोण
बुधवार, २७ साउन, २०८३
Wednesday, 12 Aug 2026

सम्पादकीय

साझा खोला, असाझा राजस्व

एउटै खोलाबाट लाभ लिने दुई पालिकाबीच कसले ठेक्का लगाउने, कति राजस्व उठाउने, कति हिस्सा कसले पाउने र उत्खननको जिम्मेवारी कसले लिने भन्ने विषयमा स्पष्टता नहुनु नीतिगत कमजोरी हो । झुप्रा खोलाको समस्या सुर्खेतमा मात्र सीमित छैन । गिरीघाटमा पनि यस्तै विवाद देखिएको थियो । कतिपय स्थानीय तहले भने आलोपालो प्रणाली अपनाएर समस्या समाधान गरेका छन् । समस्या समाधान गर्ने इच्छाशक्ति, स्पष्ट निर्णय र लिखित संस्थागत व्यवस्था आवश्यक छ । सबैभन्दा चिन्ताजनक पक्ष मौखिक सहमतिको अभ्यास हो । करोडौँ रूपैयाँको सार्वजनिक स्रोत र राजस्वलाई मौखिक समझदारीका आधारमा व्यवस्थापन गर्नु सुशासनको मान्यतासँग मेल खाँदैन । आज सहमति भएको कुरा भोलि कसले स्वीकार गर्ने? जनप्रतिनिधि फेरिएपछि त्यो सहमतिको अवस्था के हुन्छ? कर्मचारी फेरिएपछि त्यसको अभिलेख कहाँ रहन्छ? यस्ता प्रश्नको जवाफ मौखिक सहमतिले दिन सक्दैन ।

अर्कोतर्फ नदीजन्य पदार्थको उत्खनन केवल राजस्व उठाउने विषय पनि होइन । यससँग वातावरण, नदीको प्राकृतिक बहाव, तटीय क्षेत्र, बस्ती, कृषि र सार्वजनिक सम्पत्तिको संरक्षण जोडिएको हुन्छ । बढी राजस्व उठाउने होडमा अनियन्त्रित उत्खनन भयो भने त्यसको असर स्थानीय जनताले वर्षौंसम्म भोग्नुपर्ने हुन्छ । त्यसैले साझा स्रोतको उपयोगमा राजस्वभन्दा पनि वातावरणीय सन्तुलनलाई प्राथमिकता दिनुपर्छ । जिल्ला अनुगमन समितिले पहल गरे पनि विवादलाई अन्तिम रूपमा समाधान गर्ने स्पष्ट अधिकार नहुनु अर्को कमजोरी हो। यदि दुई स्थानीय तहबीच सहमति जुटाउन सक्ने प्रभावकारी संयन्त्र छैन भने प्रदेश वा संघीय सरकारले आवश्यक कानुनी र नीतिगत व्यवस्था गर्न ढिला गर्नु हुँदैन ।

झुप्रा खोलाले अहिले दुई पालिकालाई एउटा महत्वपूर्ण पाठ सिकाइरहेको छ, प्राकृतिक स्रोत साझा हुन सक्छ, तर त्यसको व्यवस्थापन असाझा ढंगले गर्न सकिँदैन । साझा स्रोतमा साझा जिम्मेवारी र पारदर्शी लाभ बाँडफाँड आवश्यक हुन्छ । अब मौखिक सहमतिमा होइन, लिखित निर्णयमा जानुपर्छ । कुन पालिकाले ठेक्का लगाउने, राजस्वको हिस्सा कसरी निर्धारण गर्ने, आलोपालो गर्ने कि संयुक्त ठेक्का लगाउने, वातावरणीय क्षतिको जिम्मेवारी कसले लिने र अनुगमन कसरी गर्ने भन्ने विषय स्पष्ट रूपमा तय गरिनुपर्छ ।

वीरेन्द्रनगर र लेकवेशीले वर्षौंदेखि तानातान गरिरहनुभन्दा आपसी संवादबाट तत्काल समाधान खोज्नुपर्छ । प्रदेश सरकार र जिल्ला समन्वय समितिले पनि मध्यस्थकर्ताको भूमिका प्रभावकारी बनाउनुपर्छ । आवश्यक परे संघीय सरकारले साझा प्राकृतिक स्रोतको राजस्व बाँडफाँडका लागि स्पष्ट सूत्रसहितको कानुनी व्यवस्था गर्नुपर्छ । सार्वजनिक स्रोत कुनै पालिकाको निजी सम्पत्ति होइन। त्यसबाट प्राप्त हुने राजस्व पनि जनताको सम्पत्ति हो । त्यसैले झुप्रा खोलाको पानी जसरी दुई किनार भएर बग्छ, त्यसैगरी त्यसबाट प्राप्त हुने लाभ पनि न्यायोचित र पारदर्शी ढंगले बाँडिनुपर्छ । वर्षौंदेखि चलिरहेको विवादलाई अब पनि मौखिक सहमति र पत्राचारमै सीमित राख्ने हो भने समस्या खोलामा होइन, स्थानीय शासनको नियत र प्रणालीमै रहेको प्रश्न उठ्नेछ ।

बालेनको ककपिटमा नअटाएका रवि !



✍ संकेत कोइराला

दुई दाजुभाइ नदी किनारमा घुम्न गएछन्। घुम्दै जाँदा झुक्किएर भाइले दाइको खुट्टा कुल्चिएछ। दुखेर भाउन्न भएको दाइले भाइलाई एक झाप्पू मारेछ । दाजुको मुक्काको कुनै प्रतिवाद नगरी भाइले बालुवामा लेखेछ– 'खुट्टामा कुल्चिएकाले मलाई दाइले आज एक थप्पड हिर्काउनु भयो ।' भोलिपल्ट ती दाजुभाइ नदीमा नुहाउन गएछन्। नुहाउने क्रममा भाइलाई नदीको भेलले बगायो । त्यतिबेलै पानीमा हाम्फालेर दाइले भाइको उद्धार गर्‌यो । सामान्य अवस्थामा पुगेपछि भाइले नजिकैको ढुङ्गामा लेख्यो– 'नुहाउने क्रममा नदीले बगाउँदा दाइले मलाई बचाउनु भयो ।'

देश उकालो लाग्न तथ्याङ्क, मिथ्यांक नभएर जनताको आत्मविश्वास पहिलो र अन्तिम सर्त हो । राष्ट्रियता जमिन, जंगल, जलमा नभएर मनमा फुल्छ ।

भाइको व्यवहारले चकित दाइले सोध्यो– 'होइन, हिजो मैले थप्पड हान्दा तिमीले बालुवामा लेखेका लेख्यौ । तर आज मैले बचाउँदा किन ढुंगामा लेखेको ?' दाजुको प्रश्नमा भाइको उत्तर थियो– 'आमाले सिकाउनु भएको थियो, जिन्दगीमा नराम्रा कुरा सधैँ बालुवामा लेख्नु पर्छ, जसबाट ती कुरा छिटो मेटिएर जाओस् । अनि राम्रा कुरा ढुंगामा लिपिबद्ध गर्नुपर्छ ताकी ती कुरा सधैँ अजर अमर रहिरहून् ।' भाइको कुरा सुनेर दाजुले भाइलाई हेरिरह्यो । दाजुले मनमनै सोचिरहेको थियो– 'साँच्चै कति छिटो ठूलो भएछ मेरो फुच्चे भाइ ।'

बालेन्द्र र रविबीच गल्ती सच्याउने यस्तै प्रयास संस्कृति बनिदिएको भए यतिबेला सुशासनको गाडी धेरै अघि बढिसक्थ्यो । देश उकालो लाग्न तथ्याङ्क, मिथ्यांक नभएर जनताको आत्मविश्वास पहिलो र अन्तिम सर्त हो । राष्ट्रियता जमिन, जंगल, जलमा नभएर मनमा फुल्छ । 'म' बाट 'हामी' भावको प्रवेश नै राष्ट्रियताको मूल विन्दु हो । राष्ट्रिय स्वतन्त्र पार्टीले पाएको मत कांग्रेस, एमाले र माओवादीको सेखी झार्न खन्याइएको आक्रोश हो । त्यो पार्टीको एजेण्डा, पार्टीले बोकेको विचार उम्मेदवार रहरलाग्दो उमेरसँग मतदाताको रुझान हुँदै होइन । सरकार बनेपछि रास्वपाको सरकार उडान भर्ने इन्जिनियरले हामी कहाँ थियौँ, कहाँ छौँ, अब जानुपर्ने ठाउँ कहाँ भनेर निधो पाउनै सकेन । बरु उसले आफ्ना मित्रमण्डलीको अखडालाई सिंहदरबार सरुवा गरेर मुलुकको प्रणालीमा त्यसलाई विलय गरायो । त्यो बेरोजगार अखडा नै सरकारी बेतनका भोगी भयो । कसको के योग्यताभन्दा पनि प्रधानमन्त्रीको विश्वास नै उनीहरुको राज्य हैकम जमाउने प्रमाणपत्र बन्यो । जहाजका क्याप्टेन यति कमजोर छन् कि सामाजिक सञ्जालमा एउटा सानो प्रतिक्रियाको कुहिरो देख्ने बितिक्कै आत्तिएर जहाज मोडिहाल्छन्।

राज्य सञ्चालकले त कर्मीमौरी परिचालन गर्ने हो । राज्यसंयन्त्रको इन्जिनमा कहाँ खिया परेको छ ? कहाँको नटबोल्ट खुस्किएको छ ? चक्काको टायर कहाँकहाँ फेर्नुपर्ने हो ? कहाँकहाँ टाल्नुपर्ने हो ? निधो नगरी सुशासनको डंका पिट्नु अर्को गल्ती गर्नु हो । नयाँ र पुरानाको दम्भ गरे पनि अन्ततः पानीमा रुझेर सडकमा उभिएर सेवा दिने पुलिसको सिपाही नै हो । दर्ता चलानी धान्ने मुखिया–खरिदार नै हो । जन्मदेखि मृत्युसम्मका कागजात दिने अन्तिम अधिकारी वडासचिव नै हो । फोहोर उठाउने सफाइ कर्मचारी नै हुन् । राइफल बोक्ने दायित्व सेना–पुलिसकै हो । सत्ताको उन्मादले यी सबैमा धावा बोल्ने काम गरियो भने त्यसको क्षतिपूर्ति पतन नै हो । कांग्रेस, एमाले माओवादी किन असफल भए ? त्यसको निदान यस्तै खुद्रामसिना विषयमा टुङ्गिएका छन्। गल्ती र राम्रा दुवै कामको खात लाग्दै जाने हो । कुनै दिन राम्रो कामबाट मोक्ष मिल्छ भने खराब कामले दण्डको भागी बनाउँछ ।

राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीका भाषण कागजी फूल हुन् । न त्यसमा कुनै पराग हुन्छ, न मौरीको आकर्षण नै । सरकार दुई तिहाइको छ तर समृद्धिको उज्यालो सत्तारुढ नामका रोबर्ट बाहेक कसैले त्यो रंग देख्दैन । जहाजका क्याप्टेन यति कमजोर छन् कि सामाजिक सञ्जालमा एउटा सानो प्रतिक्रियाको कुहिरो देख्ने बितिक्कै आत्तिएर जहाज मोडिहाल्छन्। पार्टी र सरकार पक्ष, प्रतिपक्ष जस्तै छन् । क्याप्टेनले आफ्नो भूमिका ओगटेपछि सहचालक रवि रनभूल्लमा परेका छन् । यो उड्ने खासै छाँटकाँट नल्याएको यो जहाज परित्याग गर्ने हो भने उनका निम्ति टेम्पो चालकको सिटसम्म पनि सुरक्षित छैन ।

घण्टीको भरोसा गरेर हजुरबादेखि नातिपुस्तासम्मले भोट खन्याए । राजनीतिको विरूप बाछिटाका कारण गरी खाने मानिसका लागि यो देश सिउँडी बन्दै गएपछि मुक्तिको बाटो खोल्न रास्वपालाई देशको प्राधिकार सुम्पने काम भयो । हाम्रो राजनीतिक संस्कृति अध्ययन र प्राज्ञिक धरातलबाट निर्देशित छैन । बरु राणाले घोडा चढ्न नदिएको आक्रोशमा काँग्रेस बनेकाहरू क्रान्तिका भीष्म पितामह बन्न पुगे । पढाईमा भुस भएकाहरू बुर्जुवा शिक्षाको विरोध गर्दै राजनीतिमा होमिँदा कथित क्रान्तिकारी कम्युनिष्ट बने । काम गरेर खान जाँगर नलागेपछि बन्दुक देखाएर सित्तैमा खान पल्केकाहरु गणतन्त्रका रातारात महानायक दरिए ।

देश केक बनाउन पाए 'छोटे महाराज' बन्ने सपना देख्ने जातिवादी, मधेशवादी, धर्मभीरुहरूको भद्दा खेलकुदबाट आजित जनताले आफूलाई प्राप्त संवैधानिक अन्तिम अस्त्र प्रयोग गरेर राष्ट्रिय स्वतन्त्र पार्टीका नाममा राज्यसत्ता बैना गरिदिए । घण्टीको भरोसा गरेर हजुरबादेखि नातिपुस्तासम्मले भोट खन्याए । राजनीतिको विरूप बाछिटाका कारण गरी खाने मानिसका लागि यो देश सिउँडी बन्दै गएपछि मुक्तिको बाटो खोल्न रास्वपालाई देशको प्राधिकार सुम्पने काम भयो । २०१५ सालमा प्रधानमन्त्री हुँदा बीपी कोइरालाले मन्त्रिपरिषद्को पहिलो बैठकमा प्रधानमन्त्रीले पाउने तलब सुविधाबाट एक हजार कट्टी गरेर जनताप्रति ममता देखाएका थिए ।

सरकारका मन्त्रीहरूले अर्ती दिने नभएर काम गर्ने हो । सरकारका मन्त्रीहरूलाई लाग्दो हो– सृष्टिको सुरुवात उनीहरूले शपथ लिएपछि बल्ल शुरु भएको हो । उनीहरूले बोलेको शब्द ब्रह्म वाक्य हो । जहाँ पुगेपछि कालिदासहरू रातारात चाणक्य हुन्छन् । साइलकहरु सरस्वतीका वरदपुत्र ठहरिन्छन् । पानीमरुवाहरू वीर हनुमान कहलाइन्छन् । गाउँका कुखुरा चोरहरू मन्त्री हुनासाथ विदुर नीतिका व्याख्याता हुन पुग्छन् । अनि तीन करोड जनतालाई उल्लू बनाइन्छ– यही हो प्रजातन्त्रको सुन्दर अभ्यास । जनताको सरकार कस्तो हुनुपर्छ ? रामायणमा एउटा धोवीले शङ्का गर्दा अयोध्याका राजा रामले पत्नीलाई अग्निपरीक्षामा होमेका थिए । २०१५ सालमा प्रधानमन्त्री हुँदा बीपी कोइरालाले मन्त्रिपरिषद्को पहिलो बैठकमा प्रधानमन्त्रीले पाउने तलब सुविधाबाट एक हजार कट्टी गरेर जनताप्रति ममता देखाएका थिए । पृथ्वीनारायण शाहले बिसे नगर्चीबाट एक रुपियाँ चन्दा लिएर एकीकरणको महाभियान शुरु गरेका थिए । भला यसले देश विकास त नहोला रे तर नेतालाई राजनेता बनाउने भनेकै यस्तै क्रियाकलापले हो । ठूलो भएर के गर्नु कैँचीले छुट्याउने काम गर्छ तर हेपिएको त्यही सानो सियोले हरदम जोड्छ । त्यसैले मानिसले जोडिने कर्म गर्नुपर्छ । फाटेको त बादल मात्र राम्रो हो नि । सिक्न टाढा जानै पर्दैन । मानिसले किन दुःख पाउँदो रहेछ भन्ने उत्तर खोज्न निस्कँदा सिद्धार्थ राजकुमार भगवान गौतम बुद्ध भएर प्रकट भए । कार्पेन्टरको छोरो यशुक्रिष्ट भएर उदाउलान भनेर कसले विश्वास गरेको थियो ?

हामीले प्रजातन्त्रको जननी बेलायतलाई मान्यौँ तर हामी त्यस्तो पावन भूमिका नागरिक हौँ, जनकपुरका राजा जनकले आफ्नी छोरी सीताको विवाह गर्दा समेत प्रजातान्त्रिक प्रक्रिया अपनाएर बरको छनौट गरे । धनु उठाउने प्रतिस्पर्धामा अब्बल ठहरिएपछि अयोध्याका राजकुमार रामले सीताको हात थाम्ने अवसर पाए । धार्मिक ग्रन्थबाट नै लोकअभ्यास गरिएको त्यो भूमि अहिले बन्दनीय छ । सबैको अस्तित्व देखिने सलादजस्तो लोकतन्त्र छोडेर हामी जसको लाठी, उसको भैँसीतर्फ उन्मुख छौँ ।

गाई विभिन्न रङ्गका भएपनि दूध सेतै हुन्छ । कर्मको अलग शैली भएपनि आखिर निष्कर्ष एउटै हुन्छ– मानिसले सत्कर्म गर्नुपर्छ ।

श्रीलंकाबाट प्रेरित लिक्वानले सिंगापुरे जनतालाई यस्तो हिरा बनाइदिए जुन देशका नागरिकले विश्वका जुनसुकै मुलुक टेक्दा पनि कुनै तगारो लाग्दैन । उनले विदेशीको रेडिमेड माछा कहिल्यै स्वीकारेनन् । बरु बल्छी मागेर जनतालाई माछा मार्न सिकाए । पाउरोटीको साटो पाउरोटी बनाउने सीपको अभियान छेडे । हाम्रा नेताहरू भने आफ्ना युवाहरूलाई खाडी पठाउन हौसिए । तर मलेसियाका मोहम्मद महाथिरले देश बनाउन गरेको योगदान चटक्कै बिर्सिए । केही वर्षअघि भेनेजुयलाका राष्ट्रपति ह्युगो चाभेज मर्दा तेह्रदिने दाजुभाइ बिते जसरी अनुहार बिगार्ने नेताहरू चाभेजले जस्तो जनतालाई समृद्ध बनाउने काममा नौ नारी गलाएर बसे । आफ्ना जनतालाई ५० पैसामा लिटर तेल उपलब्ध गराउने चाभेजको लोकप्रियता कति होला ? अनुमान मात्र गर्न सकिन्छ । जो मानिस एक्लो उभिन्छ, उही महान् हो । चाभेजले बाचुन्जेल अमेरिकाजस्तो देशलाई च्यालेन्ज गरिरहे । अन्तिम अवस्थामा पनि छिमेकी देश ब्राजिलमा उपचार गरे तर युरोप, अमेरिका टेकेनन् । लाटो छोराले बाउ घर्क्याएजस्तो छिमेकीलाई मनपरी भन्ने अनि आङमा सुके लुतो निस्कियो भने उसैले पठाइदिएको एयर एम्बुलेन्स चढेर राष्ट्रियताको पाखण्डी गीतामा सायदै अरु देशका नेता रमाउँछन् ।

डेंगु रोग रोकथाम र नियन्त्रण
(Dengue Fever Prevention)

डेंगु के हो?
एडिज लामखुट्टको टोकाईबाट सर्ने एक प्रकारको भाइरल ज्वरो ।

लामखुट्टेको टोक्ने समय
विशेष गरी दिनमा, घाम उदाएको र अस्ताउनु भन्दा २ घण्टा अगाडि ।

यसरी बच्छौं
- जमेको सफा पानी हटाउने (टायर, ड्रम, गमला आदि)
- पूरा शरीर छोप्ने लुगा लगाउने
- लामखुट्टेदानी प्रयोग गर्ने ।

गम्भीर अवस्था
लगातार वान्ता, पेट दुख्ने, रक्तस्राव, बेहोस हुनु ।



डेंगुका मुख्य लक्षणहरू:
- एक्कासी उच्च ज्वरो (५-७ दिन)
- बेस्सरी टाउको दुख्ने
- आँखाको गेडी दुख्ने
- मांसपेक्षी/हाडजोर्नी दुख्ने

सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
कर्णाली प्रदेश, सुर्खेत

एआई...

निर्धारित समयसीमाभित्र कार्य सम्पन्न नगरी अत्यन्त ढिलासुस्ती गरेको शाहीले उल्लेख गरेका छन् ।

शाहीका अनुसार, उक्त सडक महाबु गाउँपालिकाको केन्द्रलाई दैलेख सदरमुकामसँग जोड्ने मुख्य तथा रणनीतिक सडक भएकाले निर्माण कार्यमा भएको ढिलाइका कारण स्थानीय नागरिक, कर्मचारी, विद्यार्थी, बिरामी तथा सेवाग्राहीहरूले दैनिक आवतजावतमा विगत चार वर्षदेखि ठुलो कठिनाइ भोगिरहेका छन् ।

'उक्त निर्माण व्यवसायीले उक्त सडक निर्माण कार्यमा देखाएको गैरजिम्मेवारीपनका कारण एआई प्रयोग गरी सामाजिक सञ्जालमा समेत विभिन्न किसिमका सामग्रीहरू पोस्ट गरी सिङ्गो महाबु गाउँपालिकाको नै बेइज्जत भएको छ,' शाहीले भनेका छन्, ' जनप्रतिनिधिहरूको समेत मानमर्दन र चरित्रहत्या समेत भएको छ ।'

उक्त सडकका विषयमा व्यापक जनगुनासो आइरहेको हुँदा उक्त सडकको हिलो भएको स्थानमा तत्काल ग्राभेल हालेर यातायात आवतजावतमा सहजता गराउन उनले पूर्वाधार कार्यालयलाई अनुरोध गरेका छन् ।

साथै गाउँपालिकाबाट पटकपटक मौखिक तथा लिखित रूपमा निर्माण व्यवसायीलाई सम्झौताअनुसार कार्य सम्पन्न गर्न आग्रह तथा ताकेता गरिएको शाहीले बताए ।

यद्यपि फिल्डमा अपेक्षित प्रगति हुन नसकेको उनको भनाइ छ ।

'यसबाट निर्माण व्यवसायीले सार्वजनिक खरिद सम्बन्धी सम्झौताका सर्तहरूको उल्लङ्घन गरेको देखिन्छ,' पूर्वाधार कार्यालयलाई पठाएको पत्रमा भनिएको छ, 'निर्माण व्यवसायीको सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, सम्झौताका सर्तहरू तथा अन्य प्रचलित कानुनबमोजिम आवश्यक छानबिन गरी म्याद थप नगर्ने, हर्जाना असुलउपर, कार्यसम्पादन जमानत जफत, कालोसूचीमा सिफारिस लगायत आवश्यक कानुनी कारबाहीको प्रक्रिया यथाशीघ्र अगाडि बढाइदिन हुन अनुरोध छ ।'

कर्णालीको...

बढाउन सके त्यसको प्रत्यक्ष प्रभाव प्रदेशको अर्थतन्त्रमा पर्न सक्छ । तर पर्यटन व्यवसायको संख्या बढ्दैमा मात्र कर्णालीको पर्यटन क्षेत्रले अपेक्षित गति लिन नसक्ने मन्त्रालयको बुझाइ छ । पर्यटकीय गन्तव्यसम्म पुग्ने सडक तथा हवाई पहुँच, सञ्चार सुविधा, खानेपानी, सरसफाइ, सुरक्षित आवास, दक्ष जनशक्ति र प्रभावकारी प्रचारप्रसारमा लगानी आवश्यक रहेको मन्त्रालयका सूचना अधिकारी नेपाली बताउँछन् ।

कर्णालीमा पर्यटन व्यवसाय र सेवाप्रदायकको संख्या बढे पनि प्रदेशको कुल राजस्वमा पर्यटन क्षेत्रको योगदान भने अझै न्यून छ । आर्थिक वर्ष २०८२/८३ मा प्रदेशले पर्यटन शुल्कबाट पाँच लाख १ सय ९५ रुपैयाँ मात्र राजस्व संकलन गरेको छ । यसले पर्यटनमा रहेको सम्भावना र त्यसबाट प्राप्त भइरहेको आर्थिक लाभबीच ठूलो अन्तर रहेको देखाउँछ ।

पर्यटक...

स्थानीय तहमा रोजगारी र आयआर्जनका अवसर सिर्जना गर्न सकिन्छ । अहिले निजी क्षेत्र पर्यटन व्यवसायमा प्रवेश गर्ने क्रम बढ्नु सकारात्मक संकेत हो । तर यो आकर्षणलाई दिगो पर्यटन विकासमा रूपान्तरण गर्न सरकारको भूमिका अझ महत्वपूर्ण हुन्छ । पर्यटकलाई कर्णालीसम्म ल्याउने मात्र होइन, कर्णालीमा रोक्ने र उनीहरूले खर्च गर्ने प्रत्येक रुपैयाँ स्थानीय अर्थतन्त्रसम्म पुऱ्याउने प्रभावकारी नीति आवश्यक देखिन्छ ।

वडा कार्यालय र विद्यालयमा चोरी



❐ काँक्रेविहार संवाददाता
सल्यान, २६ साउन

त्रिवेणी गाउँपालिका चार स्थित वडा कार्यालय र नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका सामग्री चोरी गरेको आरोपमा तीन जना पक्राउ परेका छन् ।

प्रहरी, स्थानीय जनप्रतिनिधि, विद्यालयका शिक्षक तथा स्थानीयवासीको संयुक्त टोलीले सोमबार विभिन्न स्थानमा खोजी गर्दा चोरी भएका सामग्री फेला पारेको हो ।

खोजीका क्रममा विद्यालयबाट चोरी भएका दुईवटा ल्यापटप, सातवटा कम्प्युटर, ई-हाजिरी सेट, सीसी क्यामेरा सेट तथा विज्ञान प्रयोगशालाका विभिन्न सामग्री बरामद गरिएको त्रिवेणी गाउँपालिका चारका वडा अध्यक्ष एवं गाउँपालिकाका प्रवक्ता छविराज शर्माले जानकारी दिए ।

प्रहरीका अनुसार चोरी गरिएका सामग्री विभिन्न स्थानमा लुकाएर राखिएको अवस्थामा फेला परेका थिए । केही सामग्री व्यक्तिको घरमा समेत राखिएको अवस्थामा बरामद गरिएको छ ।

विद्यालयका केही सामग्री श्रीनगर स्थित एक पसलमा बिक्री गरिएको समेत प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

घटनामा संलग्न रहेको आशंकामा त्रिवेणी गाउँपालिका चार फलाबाङका तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा १८ वर्षीय एक जना र १५ वर्षीय दुई जना रहेका छन् ।

बरामद सामग्रीको विवरण संकलन तथा घटनाको प्रकृति र संलग्न व्यक्तिबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

डोल्पामा सडक अलपत्र परेपछि कार्यालयमा तालाबन्दी

❐ काँक्रेविहार संवाददाता
डोल्पा, २६ साउन

दुनै-तिप्ला सडक निर्माण वर्षौंदेखि अलपत्र परेको भन्दै ठूलीभेरी नगरपालिका चार तिप्लाका स्थानीयले पूर्वाधार विकास कार्यालय डोल्पामा तालाबन्दी गरेका छन् ।

सडक निर्माण तत्काल अघि बढाउन माग गर्दै वडा अध्यक्ष जुद्धबहादुर बुढाको नेतृत्वमा जनप्रतिनिधि र स्थानीय कार्यालय पुगेका थिए ।

सडक निर्माण सुरु भएको लामो समय बितिसक्दा पनि तिप्ला गाउँसम्म सडक नपुगेको र पटक-पटक आश्वासन पाए पनि निर्माणले गति लिन नसकेको भन्दै स्थानीयले तालाबन्दी गरेका हुन् । उनीहरूले सडक निर्माणमा भइरहेको ढिलाइप्रति असन्तुष्टि जनाउँदै तत्काल काम सुरु गर्न माग गरेका छन् ।

कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०७५/७६ मा बहुवर्षीय आयोजनाका रूपमा दुनै-तिप्ला-थरगाउँ हुँदै रुकुम पूर्वको सिमाना तोरीद्वारीसम्म सडक निर्माणका लागि बजेट स्वीकृत गरेको थियो ।

आर्थिक वर्ष २०७६/७७ बाट निर्माण सुरु भएको सडक तिप्ला गाउँ पुग्नै लाग्दा विवाद र अवरोधका कारण रोकिएको हो ।



सडक निर्माणका क्रममा निस्किएको माटो, ढुंगा तथा ढिस्को दुनै खोलामा खस्दा सदरमुकाम दुनैको बस्तीमा जोखिम बढेको भन्दै स्थानीयवासीले विरोध गरेपछि निर्माण रोकिएको पूर्वाधार विकास कार्यालयले जनाएको छ ।

सडकको हालको रेखाङ्कनले दुनै बस्तीमा पार्न सक्ने जोखिमलाई ध्यानमा राख्दै वैकल्पिक रेखाङ्कन परिवर्तन गर्ने विषयमा समेत पटक-पटक अध्ययन र छलफल हुँदै आएको छ । जिल्ला प्रशासन, सुरक्षा निकाय, प्राविधिक टोली र जनप्रतिनिधिसहितको टोलीले विभिन्न समयमा सडक क्षेत्रको स्थलगत अनुगमनसमेत गरेको छ । तर अनुगमन र प्राविधिक अध्ययन भए पनि त्यसअनुसार निर्माणलाई गति दिन नसक्दा स्थानीयमा असन्तुष्टि बढ्दै गएको हो ।

स्थानीय सुरेश बुढाका अनुसार सडक निर्माण अघि बढाउने भन्दै सम्बन्धित निकायबाट पटक-पटक आश्वासन आउने गरे पनि काम भने अघि बढेको छैन ।

हरेक वर्ष बजेट विनियोजन हुने गरे पनि प्रभावकारी रूपमा काम हुन नसक्दा बजेट खर्च नभई फिर्ता जाने अवस्था आउने गरेको उनको भनाइ छ ।

पूर्वाधार विकास कार्यालय डोल्पाका प्रमुख इन्जिनियर टेकबहादुर हितानले भने सडक निर्माणको ठेक्का अवधि थप भइसकेको र आवश्यक बजेटसमेत रहेको बताएका छन् । केही प्राविधिक समस्या समाधान गर्न बाँकी रहेको भन्दै उनले भदौको दोस्रो सातादेखि निर्माण कार्यले गति लिने दाबी गरे ।

"ठेक्काको म्याद थप भइसकेको छ । बजेट पनि पर्याप्त छ। केही प्राविधिक अल्झन सुल्झाएर भदौको दोस्रो सातादेखि निर्माण कार्यले गति लिने गरी काम अघि बढ्छ," हितानले भने ।

दुनैलाई तिप्ला, थरगाउँ हुँदै रुकुम पूर्वको सीमासँग जोड्ने महत्वपूर्ण सडक लामो समयदेखि अधुरो रहँदा स्थानीय यातायात सुविधाबाट वञ्चित छन् ।

अर्कोतर्फ सडक निर्माणकै क्रममा दुनै बस्तीमा जोखिम बढेपछि सुरक्षित र व्यवहारिक रेखाङ्कनसहित आयोजना अघि बढाउने विषय चुनौती बनेको छ ।

दुई घण्टामै खुल्यो ताला

स्थानीयले पूर्वाधार विकास कार्यालयमा लगाएको ताला भने जिल्ला समन्वय समिति प्रमुख श्यामबहादुर रोकायासँग भएको छलफलपछि करिब दुई घण्टामै खोलिएको छ ।

छलफलमा सडक निर्माणलाई अघि बढाउने विषयमा पहल गर्ने प्रतिबद्धता जनाइएपछि स्थानीयले ताला खोलेका हुन् । वर्षौंसम्म सडक निर्माण पूरा नभएपछि यसपटक कार्यालयमै तालाबन्दी गरेर स्थानीयले सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् । अब सुरक्षित रेखाङ्कनसहित सडक निर्माण कहिलेबाट प्रभावकारी रूपमा अघि बढ्छ भन्ने विषयमा स्थानीयको चासो छ ।

नागरिकता र राहदानी लिने घटे, राष्ट्रिय परिचयपत्र बनाउने बढे

❐ काँक्रेविहार संवाददाता
रूकुमपश्चिम, २६ साउन



नागरिकता र राहदानी लिने नागरिकको संख्या पछिल्ला तीन वर्षदेखि निरन्तर घट्दै गएको छ । जिल्ला प्रशासन कार्यालय रुकुम पश्चिमका अनुसार नयाँ नागरिकता तथा राहदानी बनाउनेको संख्यामा क्रमशः कमी आएको हो ।

प्रमुख जिल्ला अधिकारी निशानराज गौतमका अनुसार आर्थिक वर्ष २०८२/०८३ मा जिल्लाबाट चार हजार नौ सय ६१ वटा नयाँ नागरिकता जारी भएका छन् । यो संख्या अघिल्लो आर्थिक वर्षको तुलनामा छ सय ८७ ले कम हो । आर्थिक वर्ष २०८१/०८२ मा पाँच हजार छ सय ४८ र २०८०/०८१ मा पाँच हजार आठ सय दुई वटा नयाँ नागरिकता जारी गरिएको प्रशासन कार्यालयको तथ्यांक छ ।

राहदानी बनाउने नागरिकको संख्यामा पनि कमी देखिएको छ । आर्थिक वर्ष २०८२/०८३ मा दुई हजार आठ सय १९ जनाले राहदानी सेवा लिएका छन् ।

अघिल्लो आर्थिक वर्षमा दुई हजार आ७ सय ९० र २०८०/०८१ मा तीन हजार तिन सय ५८ जनाले राहदानी लिएका थिए ।

नागरिकताको प्रतिलिपि लिनेको संख्या पनि अघिल्लो वर्षको तुलनामा केही घटेको छ । गत आर्थिक वर्षमा चार हजार दुई सय २१ वटा नागरिकताको प्रतिलिपि जारी भएको छ भने २०८१/०८२ मा चार हजार तिन सय ६८ र २०८०/०८१ मा तीन हजार पाँच सय तिन वटा प्रतिलिपि जारी भएको थियो ।

प्रशासन कार्यालयका अनुसार गत आर्थिक वर्षमा चार जनाले नागरिकता त्याग गरेका छन् भने तीन जनाको नागरिकता रद्द गरिएको छ । यस्तै, एक सय ४७ जनालाई नाबालक परिचयपत्र वितरण गरिएको छ ।

अघिल्लो वर्ष एक सय ८१ जनाको नाबालक परिचयपत्र बनाइएको ि थयो । नागरिकता तथा राहदानी बनाउनेको संख्या घट्नुको कारणबारे थप अध्ययन आवश्यक रहेको प्रमुख जिल्ला अधिकारी गौतमले बताए । उनका अनुसार जिल्लाबाट बसाइँसराइ बढ्नु तथा वैदेशिक रोजगारीमा जाने नागरिकको संख्यामा आएको कमी यसको सम्भावित कारण हुनसक्छ ।

नागरिकता र राहदानी बनाउनेको संख्या घटिरहँदा जिल्लामा राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गराउने नागरिकको संख्या भने उल्लेख्य रूपमा बढेको छ । आर्थिक वर्ष २०८०/०८१ मा छ हजार तिन सय चार जनाको राष्ट्रिय परिचयपत्र विवरण दर्ता भएकोमा २०८१/०८२ मा यो संख्या बढेर १२ हजार आठ सय ९७ पुगेको थियो । गत आर्थिक वर्षमा थप वृद्धि हुँदै १४ हजार ३७ जनाले राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गराएका छन् ।

बैंकिङ सेवा, मतदाता परिचयपत्र तथा विभिन्न सरकारी सेवामा राष्ट्रिय परिचयपत्रको प्रयोग र आवश्यकता बढ्दै गएपछि यसको विवरण दर्ता गराउनेको संख्या बढेको प्रशासन कार्यालयले जनाएको छ । जिल्ला प्रशासन कार्यालयले गत आर्थिक वर्षमा विभिन्न शीर्षकबाट एक करोड ५८ लाख २८ हजार तिन सय ५५ रुपैयाँ राजस्व संकलन गरेको छ । न्यायिक दस्तुर, परीक्षा शुल्क, राहदानी शुल्क, हातहतियार इजाजतपत्र दस्तुर, प्रशासनिक दण्ड-जरिवाना तथा जफतलगायत शीर्षकबाट उक्त राजस्व संकलन भएको हो ।

उच्चशिक्षा अध्ययनको लागि छात्रवृत्ति प्रदान

❐ काँक्रेविहार संवाददाता
जुम्ला, २६ साउन

आर्थिक अवस्था कमजोर भएका तथा लक्षित वर्गका विद्यार्थीका लागि जुम्लामा उच्चशिक्षा छात्रवृत्ति सहयोगको आधार बन्दै गएको छ ।

सामाजिक विकास कार्यालय जुम्लाले तीन आर्थिक वर्षमा प्राविधिक छोरीबुहारी, दलित उच्चशिक्षा र अपांगता उच्चशिक्षा छात्रवृत्तिमार्फत एक सय १२ जना विद्यार्थीलाई सहयोग गरेको छ ।

हिमा गाउँपालिका तिन मोफ्लाका २ ९ वर्षीय परिलाल विक छात्रवृत्तिबाट लाभान्वित विद्यार्थीमध्ये एक हुन् । जुम्ला बहुमुखी क्याम्पसमा जनसंख्या विषय लिएर स्नातकोत्तर तहको अध्ययन गरिरहेका विकको परिवारको मुख्य आम्दानीको स्रोत कृषि हो । उनले दलित उच्चशिक्षा छात्रवृत्ति अन्तर्गत पहिलो वर्ष २४ हजार रुपैयाँ प्राप्त गरेका थिए ।

क्याम्पसमा वार्षिक करिब ३० हजार रुपैयाँ भर्ना शुल्क लाग्ने भएकाले छात्रवृत्तिले आर्थिक भार केही कम भएको उनले बताए ।

"चार वर्षको अध्ययन पूरा गर्न भर्ना शुल्क मात्रै करिब एक लाख २० हजार रुपैयाँ लाग्छ । सबै वर्ष छात्रवृत्ति पाउन सके हामीजस्ता विपन्न विद्यार्थीलाई निकै सहज हुन्थ्यो," विकले भने ।

तिला गाउँपालिका तिन कुडारीकी विष्णु शाही पनि छात्रवृत्तिबाट लाभान्वित भएकी छन् । शारीरिक अपांगता भएकी शाही जुम्ला बहुमुखी क्याम्पसमा नेपाली विषय लिएर स्नातकोत्तर तहको चौथो वर्षमा अध्ययनरत छिन् । उनले अपांगता उच्चशिक्षा छात्रवृत्तिअन्तर्गत २४ हजार रुपैयाँ प्राप्त गरेकी थिइन् । उनका अनुसार छात्रवृत्तिले क्याम्पसमा भर्ना गर्न केही सहज भएको छ ।

चार वर्षमा भर्ना शुल्क मात्रै करिब एक लाख २० हजार रुपैयाँ खर्च हुने भएकाले छात्रवृत्तिको रकम उपयोगी भएको उनले बताइन् ।

सामाजिक विकास कार्यालय जुम्लाका प्रमुख टोपबहादुर बुढाका अनुसार आर्थिक वर्ष २०८०/०८१ देखि २०८२/०८३ सम्म प्राविधिक छोरीबुहारी छात्रवृत्तिमा ७२ जना विद्यार्थीले ५० हजार रुपैयाँका दरले कुल ३६ लाख रुपैयाँ प्राप्त गरेका छन् ।

यस्तै, दलित उच्चशिक्षा छात्रवृत्ति अन्तर्गत २३ जनालाई प्रतिव्यक्ति २४ हजारका दरले पाँच लाख ५२ हजार रुपैयाँ र अपांगता उच्चशिक्षा छात्रवृत्ति अन्तर्गत १७ जनालाई प्रतिव्यक्ति २४ हजारका दरले चार लाख आठ हजार रुपैयाँ वितरण गरिएको छ ।

तीन वर्षको तथ्यांक अनुसार आर्थिक वर्ष २०८०/०८१ मा छोरीबुहारी २२, दलित १० र अपांगता चार जना, २०८१/०८२ मा छोरीबुहारी ३०, दलित आठ र अपांगता आठ जना तथा २०८२/०८३ मा छोरीबुहारी २०, दलित पाँच र अपांगता पाँच जना छात्रवृत्तिबाट लाभान्वित भएका छन् ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

नौ सय ९१ लालपुर्जा तयारी



काँक्रेविहार संवाददाता
सुर्खेत, २६ साउन

पश्चिम सुर्खेतको चौकुने गाउँपालिकामा भूमिहीन तथा अव्यवस्थित बसोबासीलाई जग्गाधनी पुर्जा वितरण गर्ने विषयमा गाउँपालिका र राष्ट्रिय भूमि आयोगबीच फरक-फरक दाबी देखिएको छ। गाउँपालिकाले करिब एक हजार लालपुर्जा वितरणका लागि तयार भइसकेको जनाएको छ भने जिल्लास्थित भूमि आयोगले भने त्यस्तो कुनै पुर्जा तयारी अवस्थामा नरहेको बताएको छ। चार हजार सात सय २१ घरधुरी रहेको चौकुने गाउँपालिकाले कुल घरधुरीमध्ये करिब ९० प्रतिशत भूमिहीन सुकुमवासी रहेको जनाएको छ।

गाउँपालिकाका अनुसार भूमिहीनलाई पुर्जा वितरणका लागि नापनक्सा, सर्जमिन लगायतका काम पूरा गरेर नौ सय ९१ वटा फाइल वितरणको तयारीमा राखिएको छ।

गाउँपालिकाका भूमि शाखा अमिन भूपेन्द्र वलीका अनुसार यसअघि पटक-पटक गरी छ सय १४ वटा जग्गाधनी पुर्जा वितरण भइसकेका छन्। बाँकी नौ सय ९१ वटा पुर्जा वितरणका लागि आवश्यक प्रक्रिया पूरा गरेर तयारी अवस्थामा रहेको उनको भनाइ छ।

चौकुनेमा पुर्जाका लागि कुल पाँच हजार १४ वटा निवेदन परेको गाउँपालिकाले जनाएको छ। त्यसमध्ये भूमिहीन दलितका दुई सय २१, भूमिहीन सुकुमवासीका एक सय ३९ र अव्यवस्थित बसोबासीका चार हजार छ सय ४५ निवेदन छन्।

गाउँपालिका अध्यक्ष खड्क विकले आयोगको प्रमाणीकरण नहुँदा तयार भएका पुर्जा वितरण गर्न नसकिएको बताउनुभयो। भूमि आयोग पटक-पटक गठन र विघटन हुनु, कर्मचारी सरुवा, प्राविधिक जनशक्तिको अभाव तथा समयमै स्थलगत अध्ययन हुन नसक्दा प्रक्रिया प्रभावित भएको उनको भनाइ छ। "पालिकाले १० जना अतिरिक्त जनशक्ति करारमा राखेर करिब एक वर्ष लगाएर फाइल तयार गरेको हो। अब आयोगले जतिसक्यो छिटो प्रमाणीकरण गरेर पुर्जा वितरण गर्नुपर्छ," अध्यक्ष विकले भने। तर, राष्ट्रिय भूमि आयोग सुर्खेतले भने चौकुनेमा वितरणका लागि नौ सय ९१ वटा पुर्जा तयारी अवस्थामा रहेकोबारे आफूलाई जानकारी नभएको जनाएको छ।

आयोगका सदस्यसचिव एवं नापी कार्यालयका प्रमुख इन्जिनियर दिनेश भण्डारीले हाल चौकुनेमा पुर्जा वितरण सम्बन्धी काम अघि नबढेको बताए। उनका अनुसार निवेदन परेपछि कम्प्युटरमा विवरण प्रविष्टि, स्थलगत नापजाँच, पुराना कागजातको जाँच तथा पुनः अभिलेखीकरणलगायतका प्रक्रिया पूरा गर्नुपर्छ। त्यसपछि जिल्ला समितिले पुर्जा वितरणको निर्णय गर्ने र राजस्व संकलन तथा स्थलगत प्रमाणीकरणपछि मात्र पुर्जा वितरण हुने उनले बताए। लालपुर्जा नहुँदा स्थानीयले आफ्नो जग्गा बेचबिखन गर्न, धितो राखेर ऋण लिन तथा व्यवसाय विस्तार गर्न समस्या भोग्दै आएका छन्।

वर्षौंअघि प्रक्रिया सुरु भए पनि पुर्जा वितरणको विषयमा स्थानीय तह र आयोगबीच नै फरक दाबी देखिएपछि भूमिहीन नागरिकको समस्या थप अन्योलमा परेको छ।

छायाँनाथमा बढ्दै भक्तजनको चहलपहल

काँक्रेविहार संवाददाता
मुगु, २६ साउन

मुगुमकार्मारोड गाउँपालिका-डोल्फु क्षेत्रमा रहेको छायानाथ धाममा भक्तजनको आवागमन बढ्न थालेको छ।

हिन्दु र बौद्ध धर्मावलम्बीको साझा आस्थाको केन्द्रका रूपमा रहेको छायानाथमा मोक्ष प्राप्ति, पितृ उद्धार तथा धार्मिक अनुष्ठानका लागि विभिन्न जिल्लाबाट श्रद्धालु पुग्ने गरेका छन्।

जुम्ला, कालीकोट, दैलेख, जाजरकोट र हुम्लालगायत जिल्लाबाट हरेक वर्ष हजारौं भक्तजन छायानाथ पुग्ने गरेका छन्।

दुर्गम क्षेत्रमा रहेको यो धार्मिकस्थल हिन्दु धर्मावलम्बीका लागि प्राचीन तीर्थस्थल मानिन्छ भने बौद्ध धर्मावलम्बीले पनि श्रद्धापूर्वक पूजा तथा दर्शन गर्ने गरेका छन्।

बौद्ध धर्मका अध्येता लामागुरु दोर्जी लामाका अनुसार छायानाथ हिमालका तीन फरक रङका शिखरलाई बौद्ध धर्मावलम्बीले मञ्जुश्री, अवलोकितेश्वर र वज्रपाणि बुद्धका स्वरूपका रूपमा मान्ने गरेका छन्।

हिन्दु र बौद्ध समुदायको साझा धार्मिक आस्थाले छायानाथलाई विशेष महत्व दिएको उनको भनाइ छ।



दुर्गम क्षेत्रमा रहेको यो धार्मिकस्थल हिन्दु धर्मावलम्बीका लागि प्राचीन तीर्थस्थल मानिन्छ भने बौद्ध धर्मावलम्बीले पनि श्रद्धापूर्वक पूजा तथा दर्शन गर्ने गरेका छन्।

छायानाथ मन्दिरका पुजारी पूर्णप्रसाद चौलागाईंका अनुसार धाममा स्नान तथा दर्शन गरे पापबाट मुक्ति मिल्ने र पितृ उद्धारका लागि पिण्डदान गरे पुण्य प्राप्त हुने जनविश्वास छ।

धामीले छायानाथको पवित्र जलमा स्नान गरे सिद्धि प्राप्त हुने धार्मिक विश्वाससमेत रहेको उनले बताए। हरेक वर्ष जनैपूर्णिमाका अवसरमा छायानाथमा विशेष पूजा हुने भएकाले त्यस समयमा भक्तजनको ठूलो भीड लाग्ने गर्छ।

वर्षको अन्य समयमा भने अत्यधिक चिसो र भौगोलिक विकटताका कारण धाम सुनसान जस्तै रहने गरेको छ। सदरमुकाम गमगढीबाट छायानाथ पुग्न करिब दुई दिन पैदल यात्रा गर्नुपछ।

तीर्थयात्रा सहज बनाउन गमगढीनजिकैको चैनागाउँमा छायानाथको प्रतिमा स्थापना गरी नियमित पूजाआजा हुँदै आएको छ।

जनैपूर्णिमा, औंसी र सप्तमीका दिन चैनागाउँबाट शिवपार्वती, गणेश, बुद्ध तथा देवीका बहुधातुबाट निर्मित मूर्ति विशेष विधिसहित छायानाथ धाम लैजाने परम्परा छ।

मुगुमकार्मारोड गाउँपालिकाका अध्यक्ष छिरिङ क्याप्ने लामाका अनुसार कर्णाली प्रदेश सरकारको सहयोग र डिभिजन वन कार्यालयको समन्वयमा छायानाथसम्म आवतजावत सहज बनाउन बाटो निर्माण भइरहेको छ।

आवश्यक पूर्वाधार निर्माण गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्न सके छायानाथ कर्णालीको प्रमुख पर्यटकीय गन्तव्य बन्न सक्ने उनको विश्वास छ। यसबाट स्थानीयस्तरमा रोजगारी र आय आर्जनका अवसरसमेत सिर्जना हुने अपेक्षा गरिएको छ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०४/२७

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री ध्रुव महतारा** धनी रहेको, **दर्ता नम्बर** १४१७४/०८१/०८२ बाट **वीरेन्द्रनगर-१, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **न्यू बुद्ध नेपाल गार्मेन्ट उद्योग** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०४/२७

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री कल्पना कुमारी आले मगर** धनी रहेको, **दर्ता नम्बर** ४४४३/०७५/०७६ बाट **वीरेन्द्रनगर-४, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **आले रेष्टुरेन्ट** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०४/२७

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री गगन बहादुर बि.सी.** धनी रहेको, **दर्ता नम्बर १६८८** बाट **वीरेन्द्रनगर-९ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **बि.सी. पोल्ट्री फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)